झिमरुक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय वन ऐन, २०८३

गाउँ सभाबाट पारित मिति-२०८३/०३/२८

प्रमाणिकरण मितिः-२०८३/०४/०१

**प्रस्तावनाः-**

नेपालको संविधानमा उल्लेखित वन माथिको स्थानीय सरकार र समुदायको अधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दीगो व्यवस्थापन, दीगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय सरकार र समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आर्थिक सम्बृद्धि एवम् दीगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, उपयोग सम्वन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन को दफा १०२ अनुसार यस झिमरुक गाउँपालिकाको स्थानीय वन ऐन २०८३ ।

परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "स्थानीय वन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन झिमरुक गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक निजि वन समेतलाई सम्झनु पर्छ ।

(ख) स्थानीय वन ऐन २०८३ भन्नाले यस झिमरुक गाउँपालिकाको गाउँ सभाले पारित गरेको स्थानीय वन ऐन २०८३ सम्झनुपर्दछ ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(घ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौपुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ) "वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ।

(च) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउनेगरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(छ) "वन अधिकार" भन्नाले परिच्छेद, २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय वन परिषद्" भन्नाले दफा १८ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ञ) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदावार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनैरुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रेदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

(ट) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनुपर्छ।

(ठ) "वन क्षेत्र"भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घासे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ड) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खर, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालवा, वापशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ।

(ढ) "सामुदायिक वन" भन्नाले समुदायद्धारा व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

(ण) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनुपर्छ।

(त) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनकोलागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(थ) "परम्परागत जीवन पद्धति" भन्नाले परापूर्व कालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ।

(ध) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(न) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउनेछ ।

(प) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउन वन श्रोत समेतलाई जनाउनेछ ।

(फ) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठुला उद्योग सम्झनु पर्छ।

(ब) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(भ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(म) “वातावरणीय सेवा” भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीवाट प्राप्त हुने तपशिल वमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ।

क) कार्वन

ख) जैविक विविधताको संरक्षण

ग) जलचक्र प्रणाली

घ) पर्यापर्यटन

ङ) तोकीय बमोजिमको अन्य लाभ ।

## परिच्छेद २

## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः– (१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दीगोपन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्वसूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्विकृति र आमसहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपूर्ति दिन सकिनेछ ।

४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकारः– (१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन्।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बद्धन, प्रवद्र्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवत जावत गर्ने, वनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वन श्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुरयाउन र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई लागू गर्ने, गराउने,

(ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा  तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाँड र प्रयागे गर्ने, तर, स्थानीय  समुदायको निणर्यले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन्।

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्ता समुहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पु¥याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समुहले सञ्चालन गरेको उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिई दीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदाव जन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित  बस्तुलाई उपभोग गर्ने र बजार मा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जन मा टेवा पु¥याउन पयार्व रण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू सञ्चालन गरी लाभ प्राप्त गर्ने,

(थ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय

आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी सञ्चालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दीगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पु¥याउने,

(द) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्कछुट वा मिनाहा दिने,

(ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(न) वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काटँ छाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(प) सामुदायिक वनको दीगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य–सान्ैदर्य तथा कार्वन–संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय– आर्जन को अवधारणालाई अगाडि बढाउने,

(फ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(ब) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाईगर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको लाभ प्राप्त गर्ने ।

(२) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन ।

(क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समुह भित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन ।

(क) कुनै विशिष्ट जाति वा समुदायसँग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा जीविकोपार्जनको सीपसँग सम्बन्धित प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथि प्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरी परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरता दिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसंग सम्बन्धित अभ्यासहरूको निरन्तरता दिने ।

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मान प्राप्त गर्ने ।

(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन्।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

(५) उपदफा (१),(२),(३), (४) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशष समुदाय, बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि सामुदायिक वन उपभोक्ता समूहको आम भेलाबाट पारित गरी स्थानीय सरकार समक्ष जानकारी गराउने ।

(६) वनमा आधारित उद्यम विकासः– (क) सामुदायिक वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षत्रेसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यवसायिक रूपमा सञ्चालन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन्।

(ग) उपदफा (क) र (ख) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग सञ्चालन गर्नकोलागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम सञ्चालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

६. सामुदायिक वनमा उपभोक्ता समहुको उत्तरदायित्वः– (क) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दीगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ख) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन व्यवस्थाप कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ग) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(घ) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ङ) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(च) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारण सभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(छ) दीगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउने चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(ज) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्वद्र्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संवद्र्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

५. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड सम्बन्धी व्यवस्थाः– (१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको १० प्रतिशत रकम स्थानीय सरकारमा बुझाई बाँकी रकम देहाय बमोजिम बाँडफाँड गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) लाभको बाँडफाँड गर्दा २५ प्रतिशत वन संरक्षणमा खर्च गरी बाँकी रहेको रकम मध्ये बाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिला शसक्तिकरण र ५० प्रतिशत सामाजिक सस्थागत विकासमा खर्च गरिने छ ।

६. सामुदायिक वनको स्वामित्व खोस्न नसक्नेः- (१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षत्रेको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउने स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनलेनिषेध गरेकोकार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०८३ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जनुसुकैकुरा लेखिएकोभए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितकोनाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

७. स्थानीय समदुायसँग स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनुपर्नेः-

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून, तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि÷महासन्धि, घोषणा–पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रही नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसँग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी ९ँचभभ एचष्यच क्ष्लायचm ऋयलकभलत० लिइनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसँग र उपदफा (२) बमोजिम विभिन्न जाति, बर्ग वा समुदायसँग नेपाल सरकार लगायत सम्बन्धित तहलेस्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी Free Prior Inform consent नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

८. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः (१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराइने छ ।

(२) समदुायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति,दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको मावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निणार्यक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराइनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायकोउचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

९. सामुदायिक वनलाई प्राथमिकता दिनुपर्नेः- (१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन  उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।
(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।
१०. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकारः- (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश  सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसँग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको  आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन्।
(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्रभित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,
(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तोवनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्नेर त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,
(घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,
(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,
(च) राष्ट्रिय वन क्षत्रेभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागि नियन्त्रण  गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समुह र सरकारले उचित राहातको व्यवस्था गरिने छ ।
छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तोलाभ सामुदायिक हितमा प्रयोग गर्ने,
(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,
(२) उपदफा (१) कोखण्ड (क),(ख), (ग) र (घ) मा उल्लेिखत स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आइरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि
प्रयोग गर्नु पर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।
(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने  त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ ।  यसरी सार्वजनिक वाटो मर्मत संभार र स्तर उन्नती गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समुहको निर्णय  अनुसार उपयोग गरिने छ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई स्थानीय सरकारले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

(५) उपदफा ३ वमोजिम निवेदनको आवश्यक जाँचबुझ गरी कार्यपालिकाले सामुदायिक, निजि, कबुलियत, धार्मिक वन दर्तागरी प्ररमाण पत्र दिनेछ ।

(६) दफा ५ बमोजिम दर्ता भएका वन क्षेत्रको वन पैदावरको संकलन ओसार प्रसार गर्नु परेमा कार्यपालिकाको स्विकृतिअनुसार गर्नुपर्न छ ।

## परिच्छेद– ३

## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

११. सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण १. साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐनद्वारा सन्चालन व्यवस्थापन हुनेछन ।

२. दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु तोकिएको प्रकृया अवलम्वन गरी दर्ता तथा हस्तान्तरण गरी यसै ऐनद्वारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

१२. सामुदायिक वन सुम्पनेः (१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउनेगरी स्थानीय सरकारले संघीय, प्रदेश सरकार संगको समन्वयमा राष्ट्रिय वनको कुनै भाग सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरी प्रमाण पत्र दिन सक्नेछ ।

(२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।

(३) उपदफा २ बमोमि वन दर्ता गर्न चाहने व्यक्ति/समुह/संस्थाले चाहेको किसिमको वन दर्ताको लागि डिभिजन कार्यालय र सम्बन्धित वडा कार्यालयबाट सिफारिस सहित तोकिएको अन्य कागजात विवरण सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

१३. कार्ययोजना संशोधनः (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

(२) (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमाजर्न वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समुहले आफ्नो कार्ययोजना स्थानीय सरकारलाई जानकारी गराएको ३० दिन भित्र कुनैजानकारी नभएमा समुहले स्वत कार्यान्वयन गर्न सक्ने छ ।

१४. उपभोक्ता समूहको दर्ताः (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) वन ऐन २०४९ र २०७६ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ ।

१५. उपभोक्ता समूह संगठित संस्था रहने ः सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन्।

(१) समूहको छुट्टै छाप हुनेछ ।

(२) समूहको आफ्नौ टाँचा हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।

१६. प्रतिवेदन दिनुपर्नेः- (१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

१७ उपभोक्ता समूहको कोष ः (१) उपभोक्ता समूहको आफ्नोएउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविक विविधता) को विक्रि वितरणबाट प्राप्त रकम

(घ) उद्योग तथा पर्यपर्यटन सञ्चालनवाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त रकम

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

१८. वन परिषद्को गठनः- (१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:
(क) झिमरुक गाउँपालिका अध्यक्ष – अध्यक्ष
(ख) झिमरुक गाउँपालिका उपाध्यक्ष – उपाध्यक्ष
(ग) वन तथा वातावरण समितिको प्रतिनिधि – सदस्य १ जना
(घ) गाउँसभाको प्रतिनिधि – सदस्य २ जना
(ङ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि– सदस्य २ जना
(च) आदिवासी जनजाति महासंघकोप्रतिनिधि– सदस्य १ जना
(छ) दलित अधिकारको क्षेत्रमा काम गर्ने – सदस्य १ जना
(ज) पारिवारिक निजीवनको प्रतिनिधि–सदस्य १ जना
(झ) व्यावसायिक संस्थाका प्रतिनिधि – सदस्य १ जना
(ज) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि – सदस्य ५ जना
झ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
ञ) वन वातावरण शाखाको प्रमुख – सदस्य सचिव
तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।
दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ । (४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन्।
(५) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलवभत्ता पाउनेछन्।
१९. परिषद्को काम, कर्तव्य र अधिकारः- (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) कोष र परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकारलाई सुझाव दिने ।
(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउनेसम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(च) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखी टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयक्त सम्झेकोअन्य काम गर्ने, गराउने।

(झ) परम्परागत रुपमा संरक्षण,संवद्र्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वनप्रयोगको अधिकारलाई राजनीतिक  सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर स्थानीय सरकारका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा सञ्चालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

(ड) समुदायको आन्तरिक सुसासनको लागि आवस्यक सरसल्लाह, सुमmाव र सहयोग गर्ने

(ढ) जैविक विविधताकोअभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने

२०. परिषदको बैठक सम्बन्धी कार्यविधिः (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बठैकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको
अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. जाँचबुझ र निरीक्षण गर्न सक्नेः- (१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्नेकार्यगरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकार को हनन्सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ,

## परिच्छेद–५

## कसुर सजाय सम्बन्धी व्यवस्था

२२. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुनेः- (१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ९ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू–सुचित मञ्जरी (Free Prior Inform Consent ) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन।

२३. दण्ड सजायः देहायकोकाम कारबाही गर्ने गराउनेलाई कसुरकोमात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः–

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगोखुलेकोमा बिगोबमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउनेकार्य गर्ने गराउनेलाई विगोखुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरेगराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागीय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

२४. मुद्दा हेर्ने अधिकारः (१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षलेस्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निणर्य चित्त नबझ्ुने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।
२५. क्षतिपूर्तिको भराउन सक्नेः- (१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी  अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नाक्ेसानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँ भनी न्यायिक समिति समक्ष उजुरी गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद – ६

## पारिवारिक निजी वन सम्वन्धी व्यवस्था

२६ पारिवारिक तथा निजी वन दर्ता तथा व्यवस्थापनः- (१) पारिवारिक निजी वनको दर्ता स्थानीय तहमा गरिने छ । निजि वन दर्ता गराउन चाहने व्यक्ति वा संस्थाले सम्बन्धित वडा कार्यालय, डिभिजन तथा सव डिभिजन वन कार्यालयको सिफारिस लगायत अन्य तोकिएका कागजात सहित नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन माथि आवश्यक जाँचबुझ गरी पारिवारिक निजी वनको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा  स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण सहित विक्री वितरण गर्न पाउनेगरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ।
(२) पारिवारिक निजी वनलाई स्थानीय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।
(३) पारिवारिक निजी वनबाट व्यवशायिक प्रयोजनको लागि निजि वन वा आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा नगरकार्यपालिकाको कार्यालयबाट स्विकृती लिनुपर्नेछ ।
(४) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट रिण लिन सक्ने व्यवस्था गरिनेछ ।
(५) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार पसार स्थानीय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रि वितरण गर्न सक्नेछ ।
(६) पारिवारिक निजी वन किसानहरुलाई कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ
(७) पाविरिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा प्रचलित कानुन बमोजिम स्थानीय सरकारले अनुमती दिनेछ ।
(८) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षतीपूर्तीका लागि सहुलियत विमामा समन्वयको व्यवस्था गरिनेछ ।
(९) परीक्षण गरिएका विरुवाहरु बढी मुल्य दिने विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षा रोपण गर्न प्रोत्साहन गरिने छ ।
२७ सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः- (१) कार्यपालिकाले प्रचलित कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण,व् यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न  सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

२८ सहरी वनको विकास र व्यवस्थापनः- (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

२९ वनक्षेत्रको प्रयोगः- कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

३० नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापनः- (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र जो कोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन्।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

## परिच्छेद –७

## विविध

३१ स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः– (१) स्थानीय तहको अनुमति लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग सञ्चालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

(४) सामुदायिक वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन गर्न सक्नेछन्।

(५) स्थानीय सरकारले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवद्र्धन, व्यवस्थापन र निर्यातकोजानकारी दिएर काम गर्न सक्नेछ ।

३२ अधिकार प्रत्यायोजनः- स्थानीय सरकारको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. असल नियतले गरेको कामको बचाउः- वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेकोकाम  कारवाही प्रति निज व्यक्तिगत रूपलेजवाफदेही हुने छैन।

३४. नियम बनाउन सक्नेः- यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

### अनुसूची १

**उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
झिमरुक गाउँपालिका
कार्यपालिकाको कार्यालय,
भ्यागुते प्युठान ।

स्थानीय वन ऐन २०८३ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान लगायत आवश्यक कागजात संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक ..................
उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची २.

उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

झिमरुक गाउँपालिका

कार्यपालिकाको कार्यालय,

भ्यागुते प्युठान

दर्ता नं..........

श्री..................................................... उपभोक्ता समूह

झिमरुक गाउँपालिका वडा नं ....

यस झिमरुक गाउँपालिकाको कार्यालयको मिति ..................... को निर्णय अनुसार स्थानीय वन ऐनको दफा ............ले दिएको अधिकार प्रयोग गरी ............................ उपभोक्ता समूहलाई .....................वन अन्तर्गत दर्ता गरी यो प्रमाण पत्र दिइएकोछ ।

उपभोक्ता समूहको विवरण

| क्र.सं. | उपभोक्ता समूहको नाम | ठेगाना चार किल्ला | वनको क्षेत्रफल | घरधुरी संख्या | कुल जनसंख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाण पत्र दिने अधिकारी

नामः-

पदः-

दस्तखतः-

मितिः-

**यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।**

## अनुसूची ३

**सामुदायिक वन दर्ताको लागि दिइने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

झिमरुक गाउँपालिका

गाउँकार्यपालिकाको, कार्यालय

भ्यागुते, प्युठान

स्थानीय वन ऐन २०८३ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

| क्र.सं. | वनको नाम | ठेगाना चार किल्ला | क्षेत्रफल | जैंविक विविधता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

निवेदक ....................

सामुदायिक वनउपभोक्ता समूहकोतर्फबाट

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

अनुसूची ४.

सामुदयिक वन दर्ताका प्रमाण पत्र

झिमरुक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

भ्यागुते, प्युठान ।

.................. वन श्री ........................... उपभोक्ता समूह ............................................ स्थानीय वन ऐन २०८३ कोअधिनमा रही देहायको राष्टिय वन क्षत्रे यसैसाथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएकोछ ।

नाम — प्रमाणपत्र दिने अधिकारी

चारकिल्ला — नाम, थर

क्षेत्रफल — दस्तखत

मिति

५. वन पैदावारको मुल्य निर्धारण काठको जात................ ठुटा...................... दाउरा...................

६. जडिबुटीको नाम र दस्तुर..................... जरा जाती............... फुल र भुवा जाती.............. गमरेजिन लोहवान जाती............ अन्य जडीबुटी ...................

७. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार वन पैदावारको नाम............

८. सामुदायिक वन उपभोक्ता समूहको विधानमा समावेश हुने कुराहरु

झिमरुक गाउँ सभाको बैठकबाट मिति २०८३/०३/२८ गते पारित यो ऐन गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन,२०७५ को दफा २४ को उपदफा (१) बमोजिम प्रमाणित गर्दछु

पित बहादुर महतरा क्षेत्री

अध्यक्ष

मितिः२०८३/०४/०१